**अव म यस सम्मानित वैठकमा चालु आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहन्छुः**

१. हाल सम्मको वित्तीय प्रगति

| हालसम्मको आम्दानी (रु हजारमा) | खर्च (रु हजारमा) | खर्च प्रतिशत |
|---|---|---|
| ४८६७२३ | ३६४६३४ | ७५ % |

२. विद्यालयका प्र.अ., शिक्षक तथा लेखा कर्मचारीहरुलाई क्षमता विकास तालिम कार्यक्रम सम्पन्न गरिएको।

३. गाउँपालिका भित्र निर्मित सडक १८२ कि.मि., स्थानीय पुल निर्माण १ वटा, झोलुङ्गे पुल निर्माण १ वटा, सिँचाई कुलो निर्माण २ कि.मि. सिँचाई सुविधा पुगेको जमिन क्षेत्र ३४ हेक्टर, ढल/पक्की नाली निर्माण १२ कि.मि., ग्रावेल सडक ०.७ मि. निर्माण सम्पन्न गरिएको ।

४. पालिकास्तरीय खेलकुद कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङ शिल्ड र खुल्ला अध्यक्षकप भलिबल कार्यक्रम सम्पन्न गरिएको ।

५. स्वास्थ्य तर्फ आँखा शिविर, नसर्ने रोग, पाठेघरसम्बन्धी रोग, HPV खोप कार्यक्रम सञ्चालन गरी २६१६ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराइएको ।

६. नियमित खोप सुदृढिकरण सञ्चालन र पालिका पूर्ण खोप घोषणा कार्यक्रम गरिएको ।

७. स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीहरुलाई स्वास्थ्य संस्थाको भूमिका ,महामारी रोग नियन्त्रण तथा ग्रामीण भिडियो एक्सरे सम्बन्धी अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको ।

८. अपाङ्गता तथा जेष्ठ नागरिक कार्ड वितरण, अपाङ्गता कार्ड वितरण, बाबुआमा विहिन बालबालिका संरक्षण कार्यक्रम सञ्चालन गरीएको ।

९. सामुदायिक विद्यालय भवनहरु मर्मत लगायतका पूर्वाधार विकासका कार्यहरु सम्पन्न भएको छ ।

१०. तेमाल सामुदायिक ग्रामिण विद्युतिकरणसँग सहकार्य गरी गाउँ उज्यालो कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

११. तेमाल गाउँपालिकाका कर्मचारीहरु, मेलमिलापकर्ता तथा सहकारी संस्थाका व्यवस्थापक तथा कर्मचारीहरुलाई क्षमता तथा सिप विकास तालिमलाई निरन्तरता दिईएको छ । चालू आर्थिक वर्षमा ३७ जना लाई विषयगत तालिम प्रदान गरिएको छ ।

१२. गाउँपालिका क्षेत्रभित्र सञ्चालित योजनाहरुको अनुगमनलाई प्रभावकारी वनाई विकास निर्माणलाई गुणस्तरीय वनाउने कार्यमा सुधार भएको छ ।

१३. गाउँपालिका क्षेत्रभित्रका ज्येष्ठ नागरिक, जनप्रतिनिधि तथा कर्मचारीहरु समेत गरी चालु आर्थिक वर्षमा ५३३ जनालाई निःशुल्क स्वास्थ्य जाँच तथा उपचार सेवा उपलब्ध गराईएको छ । निःशुल्क स्वास्थ्य परीक्षण गर्ने कार्यलाई निरन्तर रुपमा सञ्चालनमा ल्याईएको छ ।

१४. गत असोज १० देखि १२ गतेको अविरल वर्षाका कारण बाढी पहिरोबाट प्रभावित लाभग्राहीहरुलाई उद्धार राहत तथा नगद वितरण कार्यमा सम्पन्न गरिएको ।साथै वि.पी. राजमार्ग अवरुद्ध भएपछि बैकल्पिक सडकको रुपमा तेमाल गाउँपालिकाले नमोबुद्ध नगरपालिकाको सिमाना देखि मेच्छेपौवा हुदै रामेछाप जोड्ने सडक समेत खोली यात्रालाई तत्काल सहज बनाउन सफल भएको छ ।